नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**(कर्मचारी प्रशासन तथा सुशासन प्रवर्द्धन शाखा)**

सिंहदरबार, काठमाडौं

पत्र संख्याः- २.१.१७/२०७८/७९

चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः २०७८।०६।०४

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

विषयः The Project for Human Resource Development Scholarship by Japanese Grant Aid (JDS)" PhD/Master's Degree अध्ययन/छात्रवृत्तीमा मनोनयन सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ७०, मिति २०७८।०५।२० को पत्रबाट सबै निकायबाट योग्यता पुगेका निजामती कर्मचारीलाई छात्रवृत्तीमा आवेदनका लगि मनोनयन गर्ने गरी निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४०(ख) को उपदफा (३) बमोजिम गठित समितिको मिति २०७८।०५।१८ को बैठकबाट निर्णय भएको हुँदा "The Project for Human Resource Development Scholarship by Japanese Grant Aid (JDS)" PhD/Master's Degree कार्यक्रममा उपयुक्त उम्मेद्वार मनोनयन हुन लेखि आएकोले उक्त मन्त्रालयको संलग्न पत्रमा उल्लेख भएका आधारहरु पूरा भएका यस मन्त्रालय र अन्तर्गतका इच्छुक निजामती कर्मचारीहरुले मिति २०७८।०६।१३ गतेसम्ममा यस मन्त्रालय (कर्मचारी प्रशासन तथा सुशासन प्रवर्द्धन शाखा) मा वा इमेल administration.sec@moest.gov.np मा निवेदन पेश गर्नुहुन निर्णयानुसार अनुरोध छ ।

पुष्पादेवी राई
शाखा अधिकृत

**बोधार्थ**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदबार ।

श्री शैक्षिक प्रविधि तथा विद्युतीय सुशासन शाखा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबारः

*यस मन्त्रालयको **Website** मा यो सूचना राखिदिनुहुन ।*

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२११, ४२००३०६

फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- ०७८/७९

चलानी नं.:- ७०

मिति: २०७८/०५/२०

विषय:-JDS (2022) छात्रवृत्तिमा कर्मचारी मनोनयन गर्ने सम्बन्धमा।

श्री सबै निकाय ।

तपसिल अनुसारको अध्ययन कार्यक्रममा तहाँ मन्त्रालय/निकाय वा अन्तर्गतमा कार्यरत निजामती कर्मचारी मनोनयन गर्ने गरी निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४० ख (३) बमोजिम गठित समितिको आगामी बैठकबाट अनुमोदन गर्ने गरी यस मन्त्रालयको मिति २०७८/०५/१८ को निर्णयबाट उक्त कार्यक्रममा उपयुक्त उम्मेद्वार मनोनयन गरी मनोनित कर्मचारीको नाम, सम्पर्क नं. र ईमेल ठेगाना आवश्यक कार्यार्थ अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनुहुन तथा मनोनयन गरिएको कर्मचारीको संकेत नं. समेत उल्लेख गरी सोको जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

साथै, तालिम तथा अध्ययन कार्यक्रममा उम्मेद्वार मनोनयन गर्दा कार्यक्रमसँग असम्बन्धित व्यक्तिको मनोनयन भई सम्बन्धित संस्थाबाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटकसम्म छात्रवृत्तिमा समावेश नगर्ने भनी निर्णय भएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

छात्रवृत्तिको मनोनयनमा सम्बन्धित सेवा, समूह र श्रेणीभित्रका समावेशी महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र तथा हालसम्म अवसर नपाएका र दुर्गमिमा सबभन्दा बढी समय काम गरेका आधारमा कर्मचारीहरूलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ । पुनश्चः मनोनयन गरिने कर्मचारीको योग्यता विवरण JDS बाट प्राप्त ब्रोसर तथा उक्त निकायको वेवसाइटबाट समेत प्राप्त गर्न सकिनेछ ।

तपसिल:

| क.सं. | अध्ययन/तालिम/ अध्ययन भ्रमण सेमिनारको विषय | सिट संख्या | अवधि/Deadline | अवसर प्रदान गर्ने निकाय | अध्ययन/तालिम वितरण गरिएकानिकाय/ निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|
| १. | "The Project for Human Resource Development Scholarship" PhD | 2 | Academic Year 2022/2023 / October 11th, 2021 | JDS/Japan | संबै निकायले उपयुक्त निजामती कर्मचारी मनोनयन गर्ने । |
| | "The Project for Human Resource Development Scholarship" Master's Program | 20 | Academic Year 2022/2023 / October 11th, 2021 | JDS/Japan | |

२०७८/०५/२०

राजन थापा

(शाखा अधिकृत)

बोधार्थ: श्री सूचना प्रविधि शाखा: सं.मा तथा सा.प्र.म., वेबसाइटमा अपलोड गरिदिनु हुन ।